# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण २३ गते २०२९ साल


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

माननीय प्रधान मन्त्री तथा अर्थ मन्त्री श्री कीर्तिनिधि विष्टले २०२९ साल आषाढ २३ गते रोज ५ का दिन दिनुभएको २०२९।३० को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

माननीय अध्यक्ष महोदय,

राष्ट्रिय पञ्चायतको यो बीसौं अधिवेशनमा आर्थिक वर्ष २०२९।३० को बजेट पेश गर्न उपस्थित भएको छु । यो बजेट आगामी वर्षको लागि श्री ५ को सरकारको आर्थिक कार्यक्रम हो । पञ्चायती व्यवस्थाको निर्दिष्ट उद्देश्य तथा लक्ष्य हासिल गर्ने क्रममा यो बजेट एक महत्वपूर्ण पाइला हुनेछ भन्ने विश्वास लिएको छु ।

पञ्चायती व्यवस्थाले देशमा आम शान्ति कायम राखी आर्थिक तथा सामाजिक विकास गर्न अनुकूल वातावरण स्थापना गरेको छ । स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेव सरकारको छत्रछायामा नेपालले अन्तर्राष्ट्रिय जगत्मा आफ्नो व्यक्तित्वको विकास गर्नुको साथै राजनैतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । मुलुकी ऐन र भूमि-



११९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुधारद्वारा हाम्रो रूढिवादी सामाजिक व्यवस्थामा क्रान्तिकारी परिवर्तन ल्याइदिएको छ । यातायात, सञ्चार र विद्युत् जस्ता आर्थिक आधारका विकासले देशका केही भागहरूको आर्थिक व्यवस्थामा मूलभूत परिवर्तन हुन थालेको छ । आर्थिक विकासको लागि अति आवश्यक विभिन्न संस्थाहरूको स्थापना तथा सञ्चालन अर्को महत्वपूर्ण उपलब्धि हो । कृषि, व्यापार र उद्योग तथा शिक्षा र स्वास्थ्यमा पनि प्रगति भएको छ । तर विगत वर्षहरूमा सफलता मुख्यतः विकासको लागि आधार तैयार गर्नमा नै निहित थियो । यस्तो आधारभूत विकासले जनसाधारणको जीवन-स्तरमा तुरुन्त उल्लेखनीय असर पार्दैन । यसैले स्वर्गीय श्री ५ महेन्द्रबाट २०२७ साल पौष १ गते जनकल्याणको अभिवृद्धि गर्न यो दशकलाई आर्थिक उन्नतिको दशक बनाउन आह्वान गरी बक्सेको हो । त्यस आह्वानलाई दृष्टिगत राखी श्री ५ को सरकारले विकास कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वियन गरी आएको छ । प्रस्तुत बजेट पनि त्यसै क्रमको कार्यक्रम हो ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार विकासको गतिलाई तीव्र गर्न अत्यन्त इच्छुक तथा क्रियाशील होइबक्सन्छ । माननीय सदस्यहरू सबैलाई यो थाहा भएको कुरो हो । श्री ५ महाराजाधिराज सरकारको गतिशील नेतृत्वमा "विकासको मूल फुटाउन" श्री ५ को सरकार कटिबद्ध छ । प्रस्तुत बजेटको प्रमुख लक्ष्य यही छ । श्री ५ महाराजाधिराज सरकारको "देशको निर्माणको काममा पसिना बगाउन सकौं" भन्ने आह्वानलाई शिरोपर गरी पञ्च, वर्गीय संगठनका कार्यकर्ताहरू र तमाम नेपाली सबै यस पुनीत कार्यमा सक्रिय भई श्री ५ को सरकारलाई सहयोग दिनेछन् भन्ने आशा राखेको छु ।

अध्यक्ष महोदय, श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ "विकास भन्नु एक आर्थिक कुरा मात्र नभई मानवीय समस्या पनि हो" । आर्थिक विकासको मूल उद्देश्य जनकल्याणको वृद्धि हो । विकास कार्यक्रमलाई निर्देशित रूपमा सञ्चालन नगरी आर्थिक लाभकै आधारमा मात्र सञ्चालन गरेमा यसबाट क्षेत्रीय सन्तुलन र सामाजिक न्याय उपलब्ध गर्न कठीन हुन जान्छ । यी नै कुराहरूलाई ध्यानमा राखी तल उल्लेखित कार्यनीतिहरूको आधारमा प्रस्तुत बजेट तैयार गरिएको छ ।

आर्थिक विकासको क्रममा देशमा केही क्षेत्रहरू ज्यादै उपेक्षित हुन गएको छ । यसको समाधान समयमा नै नभएमा यो चिन्ताको विषय हुनेछ । सीमित साधनद्वारा देशको सम्पूर्ण भागमा वृहत् विकास कार्यक्रम सञ्चालन गर्न सम्भव छैन । यसैले देशको भौगोलिक स्थितिलाई ध्यानमा राखी चार विकास केन्द्रहरूको माध्यमबाट विकास कार्यहरू समन्वयात्मक रूपले सञ्चालन गर्ने नीति अपनाइएको छ । यसरी कार्यक्रमहरू सञ्चालन गर्दा कार्यक्रमहरूको आर्थिक संभाव्यतालाई पनि ध्यानमा राखिनेछ । ती केन्द्रहरूमा विकासको लागि आवश्यक आधारहरू सन्तुलित ढङ्गमा खडा गरी ती क्षेत्रहरूको विकासमा तीव्रता ल्याउनुको साथसाथै वरपरका क्षेत्र-हरूमा समेत सामाजिक तथा आर्थिक विकासको लागि अनुकूल वातावरण सिर्जना गर्नु हो । यस किसिमको विकास केन्द्रको स्थापनाबाट योजना तर्जुमा तथा कार्यान्वयनमा विकेन्द्रीकरण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनाको साथै त्यस क्षेत्रको जनआकांक्षा अनुरूप विकास कार्य सञ्चालन गर्नमा सहायक हुनेछ भन्ने आशा पनि लिएको छु ।

देशको भौगोलिक स्थिति र यातायातको असुविधाले गर्दा हाम्रो राष्ट्रिय अर्थ व्यवस्थाको एकीकरण हुन सकेको छैन । यसबाट हाम्रो प्राकृतिक साधनहरूको जे जति परिचालन हुनु पर्ने हो सो हुन सकेको छैन । हाम्रो अर्थ व्यवस्था अझै पनि जीवन धान्ने स्थितिमा रहेको छ । जुन बेलासम्म देशको बाटोघाटोको विकास भएको थिएन हरएक क्षेत्र तथा भेगले आफूलाई चाहिने हुन सक्ने वस्तुहरू आफैले नै उत्पादन गर्नु आवश्यक थियो । अहिले बाटोघाटोको सुविधा पुगिसकेका क्षेत्रहरूमा आर्थिक दृष्टिकोणबाट उपयुक्त वस्तुहरूको उत्पादन गर्नेतर्फ विशेष प्रयास हुनुपर्दछ । यसकारण पहाडी क्षेत्र, मध्यवर्ती क्षेत्र र तराई क्षेत्रमा प्राकृतिक सम्पदाको आधारमा एक अर्कोको पूरक हुने गरी उपयुक्त विकास कार्यक्रम सञ्चालन गरिने भएको छ । यसबाट हाम्रो प्राकृतिक सम्पदाको सदुपयोग हुन गई देशको अर्थ व्यवस्थाको एकीकरण र क्षेत्रीय विकासमा सन्तुलन हासिल हुनेछ ।

आज देशको हर गाउँमा विकास गरूँ भन्ने जुन जनजागरण आएको छ यो निश्चय नै देश विकासको लागि राम्रो लक्षण हो । जबसम्म हाम्रा गाउँघरको विकास हुँदैन तबसम्म सच्चा विकास भएको मान्न सकिँदैन । तर हर गाउँक्षेत्रको आवश्यकता तथा आकांक्षा पूरा गर्न न त श्री ५ को सरकारको साधनले नै भ्याउँछ, न श्री ५ को सरकारको प्रशासनले सम्भव हुन्छ । यसमा श्री ५ को सरकारको योगदान सहायकको रूपमा मात्र हुन सक्दछ । स्थानीय विकास र दुर्गम क्षेत्र विकास कार्यक्रमहरूको माध्यमबाट श्री ५ को सरकारले यही सहयोग पुऱ्याउन खोजेको छ । यस प्रक्रियालाई देशव्यापी रूपमा सञ्चालन गर्नुपर्ने तथ्यलाई ध्यानमा राखी स्थानीय विकास कार्यक्रमलाई अझ व्यापक गर्नेतर्फ जोड दिइएको छ । यस कार्यक्रमलाई सफल पार्न जनताको सक्रिय संलग्नता चाहिएको छ । यही नै आजको चुनौती छ । यसको लागि हाम्रो विचार पद्धतिमा परिवर्तनको आवश्यकता छ । कुनै पनि देशले कम मेहनत र कम त्यागबाट आर्थिक विकास गरेको छैन भन्ने तथ्यलाई हामीले बिर्सन हुँदैन । यदि हरएक गाउँघरले आफ्नो गाउँघरको विकासको लागि केही त्याग गरेमा देशका प्राकृतिक तथा मानवीय साधनको परिचालन ठूलो मात्रामा हुनेछ भन्ने मलाई विश्वास छ । स्थानीय विकासको प्रक्रियामा गतिशीलता ल्याउन आर्थिक तथा प्रा.विधिक सहायता पुऱ्याउनुको साथै विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन श्री ५ को सरकार प्रयत्नशील रहनेछ ।

अध्यक्ष महोदय, मैले प्रस्तुत बजेटद्वारा प्रतिपादन गर्न खोजेका नीतिहरू बारे संक्षिप्तमा उल्लेख गरें । अब म आर्थिक वर्ष २०२९।३० मा सञ्चालन गरिने मुख्य कार्यक्रमहरू बारे केही उल्लेख गर्न चाहन्छु ।

हालसम्म हाम्रो सम्पूर्ण प्रयास यातायात, विद्युत्, जस्ता आधारभूत स्तम्भहरू सिर्जना गर्नमा नै लागेको बारे मैले माथि पनि उल्लेख गरिसकेको छु । अझै यस क्षेत्रमा निक्कै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगानी गर्नु पर्ने आवश्यकता छ । प्रस्तुत बजेटमा बिकासतर्फ सडकमा सबभन्दा बढी लगानी हुने भएको छ । यस सन्दर्भमा महेन्द्र राजमार्गको बाँकी भाग र विकास केन्द्रहरू जोड्ने बाटोहरूको निर्माणमा जोड दिइएको छ । शाही वायुसेवा निगमले निकट भविष्यमै जेट सेवा शुरू गरी आफ्नो सेवा बैंककसम्म विस्तार गर्ने भएको छ ।

देशको अर्थ व्यवस्थामा कृषिको महत्वपूर्ण स्थान भएकोले यस क्षेत्रको विकास गतिमा केही वृद्धि गर्न सक्यौं भने पनि यसबाट सम्पूर्ण राष्ट्रिय आयमा ठूलो प्रभाव पर्ने हुन्छ । कृषि ऋण, कृषि उपकरण र प्राविधिक सल्लाह कृषकहरूलाई क्रमिक रूपले बढी मात्रामा उपलब्ध गराउँदै आएको छ तापनि सिंचाईको अभावले कृषि उपजमा विशेष प्रगति भएको छैन । यस क्षेत्रको विकासको लागि मूलभूत उपकरण सिंचाई भएकोले आगामी वर्षमा सिंचाईमा बढी जोड दिइएको छ । कृषि विकास कार्यक्रमलाई समन्वयात्मक रूपले सञ्चालन गर्ने तर्फ पनि विशेष ध्यान दिइने छ । गत वर्ष अतिवृष्टिको कारणले गर्दा देशको धेरै जसो भागहरूमा खाद्यान्नको कमी हुन गयो । श्री ५ को सरकारले खाद्यान्न अभाव क्षेत्रहरूमा विभिन्न उपायहरूद्वारा खाद्यान्न उपलब्ध गराउँदै आएको माननीय सदस्यहरूलाई विदितै छ । हालसम्म श्री ५ को सरकार, खाद्य व्यवस्था संस्थान र बचत संस्थानद्वारा खाद्यान्न उपलब्ध गराउन तथा खाद्यान्न खरीद गर्न ऋण उपलब्ध गराइदिन लगभग रू. ३ करोड खर्च भइसकेको छ । भविष्यमा यस्तो समस्या परिआएमा समाधान गर्नेतर्फ पनि श्री ५ को सरकार सचेत छ र देशका विभिन्न भागमा गोदाम निर्माण गर्ने तथा खाद्यान्न सञ्चय गर्ने व्यवस्था गरिने भएको छ ।

श्री ५ को सरकारले औद्योगिक विकासको लागि यथाशक्य सुविधाहरू प्रदान गर्दै आएको छ । तथापि यस क्षेत्रमा आशा गरिए जस्तै विकास हुन सकेको छैन । देशको केही भागहरूमा अब औद्योगिक विकासको लागि आवश्यक आधारभूत सुविधाहरू सिर्जना भएको छ र गत वर्ष नेपाल-भारत वाणिज्य सन्धि सम्पन्न भई अनिश्चितताको वातावरण समाप्त भएको छ । तसर्थ आगामी वर्ष गैरसरकारी क्षेत्रबाट बढी मात्रामा औद्योगिक लगानी हुने आशा राखिएको छ । सरकारी क्षेत्रमा सूती कपडा र अरू केही उद्योगहरूको स्थापना शुरू हुनेछ र केही उद्योगहरूको विस्तार गर्ने काम पनि प्रारम्भ गरिनेछ । पर्यटन विकासको लागि गुरु योजना तयार भैसकेको छ र सो बमोजिम सर्वाङ्गीण विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट देशमा रोजगारीको अवसर बढ्नेछ ।

उत्पादन छिटो वृद्धि गर्ने आवश्यकतालाई महसूस गरी हाल भैरहेका भौतिक सुविधाहरूको अधिकतम उपयोग गर्न निर्माण भई पूरा उपयोगमा आउन नसकेका आयोजनाहरूको सुधार तथा संभारको लागि विशेष जोड दिइएको छ ।

देशको आवश्यकता अनुरूप तैयार गरिएको नयाँ शिक्षा योजना श्री ५ को सरकारले क्रमशः कार्यान्वयन गर्दैआएको छ र आगामी वर्ष अरू १३ जिल्लाहरूमा यो योजना लागू गरिनेछ । साथै हालसम्म विभिन्न मन्त्रालय तथा विभागहरू अन्तर्गत सञ्चालन भैरहेका शिक्षण संस्थाहरू-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्यूटहरूमा परिणत गरिनेछ । यसबाट हाम्रो प्राविधिक शिक्षा तथा तालीममा समन्वय आई बढी प्रभावकारी ढङ्गले सञ्चालन हुनेछ र विकासको लागि आवश्यक जनशक्ति उपलब्ध गराउनमा बढी सहायक हुनेछ ।

देशमा राष्ट्रिय भावनाको अभिवृद्धि गर्दै लैजान तथा विकास कार्यप्रति सर्वसाधारण जनतामा अभिरुचि बढाउन सञ्चार सेवाको महत्व पूर्ण भूमिका रहने कुरा निर्विवाद छ । यातायातको कठिनाई रहेको हाम्रो जस्तो देशमा यस्तो सेवाको झन् बढी आवश्यकता पर्दछ । यिनै कुरालाई ध्यानमा राखी सञ्चार क्षेत्रलाई अरू बढी व्यापक, सक्षम एवं सुदृढ बनाउन सञ्चार योजना अनुसार कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

आर्थिक विकासको लागि हाम्रो प्राकृतिक सम्पदाको बढी मात्रामा जानकारी हुनु आवश्यक छ र यी नै सम्पदाको उपयोगमा नै हाम्रो विकास निर्भर रहन्छ । तसर्थ आगामी वर्षको कार्यक्रममा प्राकृतिक साधनको सर्वेक्षण तथा त्यसको आधारमा संभाव्य आयोजनाहरू तर्जुमा गर्नेतर्फ जोड दिइएको छ ।

अध्यक्ष महोदय, राष्ट्रिय विकासको लक्ष्य हासिल गर्नको लागि विकास खर्चमा वृद्धि गर्दै लैजान आवश्यक छ । हालसम्म साधारण खर्च पुऱ्याई बाँकी रहेको राजस्वको बचत र विदेशी सहायताबाट विकास कार्य गर्दैआएका थियौं । विकासको बढ्दो खर्च पुऱ्याउन राजस्वको बचतबाट मात्र संभव छैन र विदेशी सहायता बढी मात्रामा प्राप्त गर्न पनि आन्तरिक साधनको बढी आवश्यकता पर्दछ । यसकारण परम्परागत स्रोतमा मात्र निर्भर रहँदा आवश्यक मात्रामा साधन उपलब्ध नहुने हुनाले आन्तरिक ऋण र अन्य स्रोतहरूबाट पनि साधनको परिचालन गर्ने व्यवस्था प्रस्तुत बजेटमा परेको छ । बैंकहरूको मुद्दती तथा बचत निक्षेप जुन रूपले वृद्धि भइरहेको छ त्यसबाट आन्तरिक ऋणद्वारा साधन परिचालन गर्न अनुकूल स्थिति मिलेको छ । यस बाहेक विदेशी मुद्राको बढ्दै गइरहेको सञ्चितिलाई पनि विकास कार्यका निमित्त उपयोग गरिनेछ । विगत वर्षहरूमा खर्च गर्न नसकी बजेटमा बचत भइरहेकोमा अब विकास कार्यक्रम कार्यान्वयन गर्ने हाम्रो क्षमतामा वृद्धि भए अनुरूप यस वर्षको बजेटमा केही घाटा हुने देखिएको छ । विकासको लागि केही हदसम्म घाटा बजेट वाञ्छनीय छ । घाटा बजेटबाट मुद्रा प्रदायमा वृद्धि भई मूल्यस्थितिमा प्रतिकूल असर पर्न सक्ने हुनाले यस तथ्यको पूरा ख्याल राखी प्रस्तावित बजेटको घाटाको मुख्य भाग सञ्चित विदेशी मुद्राको उपयोग गर्ने गरी मिलाइएको छ । यसैले मुद्रा प्रदाय र मूल्यस्थितिमा नराम्रो असर पर्ने आशंका लिनु पर्ने कुनै कारण छैन ।

हाम्रो विकास खर्चमा आन्तरिक साधन भन्दा विदेशी सहायताको रकम बढी रही आएकोमा आगामी वर्ष आन्तरिक साधनबाट बढी विकास खर्च व्यहोरिने भएको छ । यो हामी सबैलाई सन्तोष लाग्ने कुरा हो । तर यसको मतलब हामीलाई विदेशी सहायताको आवश्यकता कम भएको छ भन्ने होइन । हाम्रो विकासको बढ्दो मांगलाई पूरा गर्न विदेशी सहायताको जरूरत बढेर आएको छ । यस अवसरमा सहायता प्रदान गर्ने सबै मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूप्रति धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२७–२८ र २०२८–२९ को आय-व्यय विवरण पेश गर्दछु। आर्थिक वर्ष २०२७–२८ मा आय तर्फ रु. ४५ करोड १६ लाख ६४ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा रु. ४५ करोड ९६ लाख ९८ हजार प्राप्त भएको छ। व्यय तर्फ साधारण बजेटमा रु. ३३ करोड १ लाख ६१ हजार र विकास बजेटमा रु. ४८ करोड ९० लाख ५३ हजार खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रु. ३० करोड ४४ लाख ८१ हजार र रु. ४६ करोड ५० लाख १९ हजार हुन आएको छ। विदेशी सहायतातर्फ रु. २७ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा रु. २७ करोड ६ लाख ८५ हजार प्राप्त हुन आयो। यसरी रु. ९ करोड ६७ लाख २० हजार घाटा हुने संशोधित अनुमान भएकोमा रु. ३ करोड ९१ लाख १७ हजार मात्र घाटा हुन गई विदेशी ऋण रु. ३ करोड २४ लाख ५८ हजार प्राप्त भएको र आन्तरिक ऋण रु. ३ करोड उठाइएकोले नगद मौज्दातमा रु. २ करोड ३३ लाख ४१ हजारले वृद्धि हुन गयो।

चालू आर्थिक वर्षमा साधारण बजेटमा रु. ३६ करोड ७६ लाख ५९ हजार र विकास बजेटमा रु. ७६ करोड ९७ लाख ७३ हजार खर्च हुने अनुमान भएकोमा क्रमशः रु. ३५ करोड ८२ लाख ४५ हजार र रु. ५७ करोड ५ लाख ६५ हजार खर्च हुने संशोधित अनुमान छ। आयतर्फ रु. ५६ करोड ६ लाख ५० हजार प्राप्त हुने अनुमान भएकोमा रु. ५१ करोड ८१ लाख १ हजार मात्र प्राप्त हुने संशोधित अनुमान छ। यसरी अनुमानभन्दा आयमा घट्न जानुको मुख्य कारण भन्सारबाट करीब रु. ३ करोडले कम राजस्व प्राप्त हुने अनुमान भएकोले हो। वनतर्फ पनि अनुमान गरे जति लकडी बिक्री हुन नसकेकोले पनि राजस्व केही मात्रामा घट्न जाने भएको छ। विदेशी सहायतातर्फ रु. ३५ करोड २३ लाख १८ हजार प्राप्त हुने अनुमान भएकोमा रु. २६ करोड १ लाख २६ हजार मात्र प्राप्त हुने संशोधित अनुमान छ। साधारण र विकास गरी जम्मा रु. १ अरब १३ करोड ७४ लाख ३२ हजार खर्च हुने अनुमान भएकोमा राजस्व र विदेशी सहायता गरी जम्मा रु. ९१ करोड २९ लाख ६८ हजार प्राप्त हुने अनुमान भई रु. २२ करोड ४४ लाख ६४ हजार घाटा हुने अनुमान थियो। यसरी हुन आउने घाटा मध्ये विदेशी ऋणबाट रु. ९ करोड ५२ लाख, आन्तरिक ऋणबाट रु. ९ करोड उठाई खूद घाटा रु. ३ करोड ९२ लाख ६४ हजार हुने अनुमान भएको थियो। तर साधारण र विकास गरी जम्मा रु. ९२ करोड ८८ लाख १० हजार खर्च हुने संशोधित अनुमान भएको र राजस्व र विदेशी सहायता गरी जम्मा रु. ७७ करोड ८२ लाख २७ हजार प्राप्त हुने अनुमान भएकोले घाटा रु. १५ करोड ५ लाख ८३ हजार हुने संशोधित अनुमान छ। यस मध्ये विदेशी ऋण रु. ३ करोड ९४ लाख ७७ हजार प्राप्त हुने र आन्तरिक ऋण रु. ५ करोड उठाइएकोले खूद घाटा रु. ६ करोड ११ लाख ६ हजार हुने संशोधित अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

अध्यक्ष महोदय, अब आर्थिक वर्ष २०२९–३० को आय-व्ययको अनुमान प्रस्तुत गर्दछु । व्ययतर्फ साधारण बजेटमा रू. ४० करोड ९७ लाख ५५ हजार र विकास बजेटमा रू. ८५ करोड ७७ लाख ७९ हजार छुट्याइएको छ । यी रकमहरू चालू वर्षको संशोधित अनुमानको तुलनामा साधारणतर्फ रू. ५ करोड १५ लाख १० हजार अर्थात् १४.४ प्रतिशत र विकासतर्फ रू. २८ करोड ७२ लाख १४ हजार अर्थात् ५० प्रतिशतले वृद्धि भएको छ । साधारण बजेटमा भएको वृद्धि १४.४ प्रतिशत मध्ये ऋण लगानी साँवा र ब्याज भुक्तानीमा मात्र रू. १ करोड ५७ लाख ६२ हजार अर्थात् कूल साधारण बजेटको ४ प्रतिशत परेको छ । साधारण बजेटको कूल खर्च मध्ये संवैधानिक अङ्गहरू, साधारण प्रशासन, राजस्व प्रशासन, आर्थिक प्रशासन र योजना, न्याय प्रशासन, वैदेशिक सेवा, रक्षा, सामाजिक सेवाहरू, आर्थिक सेवाहरू, ऋण तथा लगानी, साँवा र ब्याज भुक्तानी तथा विविधमा क्रमशः रू. २ करोड ११ लाख ५ हजार, रू. ७ करोड ११ लाख ६६ हजार, रू. १ करोड ५४ लाख ८४ हजार, रू. ५३ लाख ४१ हजार, रू. ७४ लाख ४६हजार, रू. १ करोड ८२ लाख ९५ हजार, रू. ७ करोड १० लाख ४५ हजार, रू. ८ करोड ५ लाख १० हजार, रू. ५ करोड ४३ लाख ४३ हजार, रू. १ करोड ३२ लाख ६५ हजार, रू. १ करोड ८८ लाख ४२ हजार, रू. ३ करोड २९ लाख १३ हजारको व्यवस्था गरिएको छ ।

विकास खर्च कूल रू. ८५ करोड ७७ लाख ७९ हजार छुट्याइएको मध्ये आर्थिक प्रशासन तथा योजना र विविधमा रू. १ करोड २३ लाख ४१ हजार अर्थात् १.४ प्रतिशत, सामाजिक सेवामा रू. १४ करोड १३ लाख ३४ हजार अर्थात् १६.६ प्रतिशत र आर्थिक सेवामा रू. ७० करोड ४१ लाख ४ हजार अर्थात् ८२ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

सामाजिक सेवातर्फ शिक्षामा रू. ६ करोड २१ लाख ९९ हजार, स्वास्थ्यमा रू. ३ करोड ७४ लाख ४९ हजार, पञ्चायत तथा ग्रामीण विकासमा रू. १ करोड ८० लाख ७२ हजार र पिउने पानी तथा अन्य सामाजिक सेवामा रू. २ करोड ३६ लाख १४ हजार छुट्याइएको छ ।

आर्थिक सेवातर्फ यातायात, सञ्चार र विद्युत्‌को निमित्त रू. ४४ करोड २६ लाख ६ हजार राखिएको छ । कृषि र सिंचाईमा रू. १३ करोड २८ लाख ९३ हजार, भूमिसुधार, कित्ता नापी र वनमा रू. २ करोड ९६ लाख ४२ हजार ,उद्योग तथा खानीमा रू. ८ करोड ६३ लाख ४५ हजार र अन्य आर्थिक सेवामा रू. १ करोड २६ लाख १५ हजार राखिएको छ ।

आयतर्फ वर्तमान स्रोतबाट रू. ५७ करोड ५९ लाख ८४ हजार राजस्व प्राप्त हुने अनुमान छ । जसमध्ये कर राजस्वबाट रू. ४७ करोड ८४ लाख ५० हजार अर्थात् कूल राजस्वको ८३.०६ प्रतिशत र अन्य राजस्वको स्रोतबाट रू. ९ करोड ७५ लाख ३४ हजार अर्थात् कूल राजस्वको १६.९४ प्रतिशत प्राप्त हुने अनुमान छ । कर राजस्वबाट प्राप्त हुने रू. ४७ करोड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४ लाख ५० हजार मध्येबाट भन्सारबाट रू. २० करोड ८५ लाख २० हजार अर्थात् कर राजस्वको ४३.५९ प्रतिशत, अन्तःशुल्कबाट रू. ६ करोड २५ लाख अर्थात् १३.०६ प्रतिशत, मालपोतबाट रू. ८ करोड २० लाख अर्थात् १७.१३ प्रतिशत, आयकरबाट रू. २ करोड ४० लाख अर्थात् ५.०२ प्रतिशत, बिक्री करबाट रू. ७ करोड १० लाख अर्थात् १४.८४ प्रतिशत र अन्य करहरूबाट रू. ३ करोड ४ लाख ३० हजार अर्थात् ६.३६ प्रतिशत प्राप्त हुने अनुमान छ। अन्य राजस्वबाट रू. ९करोड ७५ लाख ३४ हजार प्राप्त हुने भएकोमा वनबाट रू. ३ करोड अर्थात् ३०.७५ प्रतिशत, साँवा ब्याज तथा लाभांशबाट रू. ४ करोड १३ लाख ४ हजार अर्थात् ४२.३५ प्रतिशत र अन्य विभिन्न स्रोतहरूबाट रू. २ करोड ६२ लाख २९ हजार अर्थात् २६.९० प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ।

अध्यक्ष महोदय, यसरी साधारण र विकास गरी जम्मा रू. १ अरब २६ करोड ७५ लाख ३४ हजार खर्च हुने अनुमान भएकोमा राजस्वको वर्तमान स्रोतबाट माथि मैले उल्लेख गरे बमोजिम रू. ५७ करोड ५९ लाख ८४ हजार प्राप्त हुने र विदेशी सहायताबाट रू. २९ करोड १० लाख ६० हजार, विदेशी ऋणबाट रू. ११ करोड ९९ लाख ६६ हजार प्राप्त हुने भएकोले पूर्ति हुन बाँकी न्यून रू. २८ करोड ५ लाख २४ हजार हुन आउँदछ।

## ४

अध्यक्ष महोदय, अब म कर सम्बन्धी प्रस्ताव पेश गर्दछु। प्रस्तावित करको आधारहरू बारे संक्षेपमा उल्लेख गर्न चाहन्छु।

(१) अनुत्पादक घरजग्गामा लगानी गर्ने बढ्दो प्रवृत्तिलाई निरूत्साह गर्ने र यस्ता सम्पत्तिवालाहरूलाई बढी कर लगाउने,

(२) विलासिताका मालसामानहरूको उपभोगलाई निरूत्साह गर्ने र यस्ता मालसामानहरूका उपभोक्ताहरूउपर बढी कर लगाउने।

(३) उद्योगहरूलाई संरक्षण दिई औद्योगिक विकासको प्रबर्द्धन गर्ने।

(४) राम्रो स्थापित भइसकेका उद्योगहरूबाट केही राजस्व उठाउने।

(५) नेपाल भारत वाणिज्य तथा पारवहन सन्धि अनुसार अन्तःशुल्क र अरू शुल्कहरू पूरा फिर्ता पाउन भन्सार दरबन्दीको आवश्यक व्यवस्था गर्ने।

(६) कम उर्वरा शक्ति भएको नापि भैसकेका पहाडी क्षेत्रको पाखो जग्गामा मालपोतको बोझ घटाउने।

यसरी सामाजिक न्याय र औद्योगिक विकासलाई नै प्रमुख लक्ष्य राखी केही नयाँ कर र भइरहेको करको दर वृद्धिबाट थप राजस्व रू. २ करोड ५० लाख उठाउन खोजेको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक दृष्टिकोणले महत्वपूर्ण कर घरजग्गा कर हो । हाल यसको दर थोरै मात्र छ । यसमा साबिक बमोजिम रू. ५० हजार सम्म छूट दिई त्यसपछिको ५० हजार सम्म ०.५ प्रतिशत र त्यसभन्दा माथि सबैमा १.० प्रतिशत वार्षिक कर लगाइने छ । यसबाट रू. २५ लाख थप राजस्व प्राप्त हुने अनुमान छ । यो अङ्क त्यति ठूलो नदेखिए तापनि यो वर्षको घरजग्गा करको अनुमानित राजस्वको तीन गुणा हुन आउँछ ।

आगामी आर्थिक वर्षको लागि आयकर दर साविक बमोजिम कायम गरिएको छ ।

साझेदारी फर्मका हिस्सेदारहरू प्रत्येकको सबै किसिमको स्रोतको आय जोडी कर निर्धारण गर्दा कर निर्धारण प्रणाली जटिल भएको हुँदा यसलाई सरल गर्न अब उप्रान्त यस्तो फर्महरूको सम्पूर्ण आयमा नै कर निर्धारण गरिनेछ । तर उही उही व्यक्ति साझेदार भई बेग्ला-बेग्लै फर्महरू खडा गरेकोमा भने यस्ता सबै फर्मको आयलाई एउटै एकाई मानी आयकर निर्धारण गरिनेछ ।

हाम्रो देशमा विलासिताका मालसामानहरूको उपभोग जुन हिसाबले बढ्दै गइरहेको छ त्यो हाम्रो जस्तो आर्थिक अवस्थालाई बिल्कुलै सुहाउँदैन । अतः यस प्रवृत्तिलाई निरुत्साह गर्नुको साथै यस्तो उपभोग गर्ने सम्पन्न व्यक्तिहरूलाई करको बोझ लगाउनु उचित नै हुँदा यस्तो मालसामानहरूको पैठारी भन्सार महसूल र सरचार्ज अनुसूचीमा उल्लेख गरे बमोजिम बढाइएको छ । यसबाट थप राजस्व रू. ३५ लाख हुने अनुमान छ ।

हाम्रो उद्योगहरू विशेष गरी घरेलु र साना उद्योगहरूलाई संरक्षण दिन अनुसूचीमा उल्लेख गरे बमोजिम यस्ता उद्योगहरूबाट उत्पादित मालसामानहरूमा पैठारी भन्सार महसूल र सरचार्ज बढाइएको छ । यसबाट राजस्वमा कुनै खास फरक पर्दैन ।

भारत बाहेक अन्य मुलुकबाट पैठारी हुने मालसामानहरूमा भारतमा लागेको अन्तःशुल्क र अरू शुल्कहरूको जम्मा अङ्क बराबर हुने गरी भन्सार महसूल बढाइएको छ । सरचार्जको हकमा साविकको दर कायम गरिएको छ । अरू दर यथावत् कायम गरिएको छ । यी मालहरू मुख्यतः भारतबाटै पैठारी हुने हुँदा यिनीहरूको मूल्यमा खास असर पर्दैन । यसबाट भन्सार महसूलबाट राजस्वको वृद्धि हुँदैन । तर भारतबाट फिर्ता आउने अन्तःशुल्कको रकम रू. १ करोडले वृद्धि हुने अनुमान छ । उपरोक्त बाहेक अरू भन्सार दरबन्दी पूर्ववत् कायम राखिएको छ ।

हाम्रो उद्योगहरूबाट पनि केही राजस्व बढाउन आवश्यक सम्झी केही नयाँ अन्तःशुल्क लगाउने तथा भइरहेको केहीको दरमा वृद्धि गर्ने गरेको छु । यसबाट सम्बन्धित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमतामा असर नपरोस् भन्ने ख्याल राखी अनुसूचीमा उल्लेख गरिए अनुसार पैठारी भन्सार महसूलमा वृद्धि गरिएको छ । प्रस्तावित अन्तःशुल्कहरू यी हुन्:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | प्रस्तावित |
|---|---|
| उच्चस्तरको रक्सी | रू. १५।– प्रति एल. पी. लिटर |
| बियर | रू. ४।५० प्रति लिटर |
| चिनी | रू. ४०।– प्रति क्विन्टल |
| बिस्कुट | रू. ।५० प्रति किलोग्राम |
| पेपरमेण्ट, लजेन्ज | रू. –।५० प्रति किलोग्राम |
| टफी, चक्लेट | रू. १।– प्रति किलोग्राम |

यसबाट रू. २५ लाखको राजस्व वृद्धि हुने अनुमान छ । अरू अन्तःशुल्कको दर पूर्ववत् नै कायम गरिएको छ ।

बिक्री कर छुटको सम्बन्धमा हाल छुट भैआएका मालसामान, मेशिन पार्टपूर्जाहरू तथा अन्य सामानहरूमा साविक बमोजिमको छुट कायमै राखी, जनसाधारणले प्रयोग गर्ने सुती कम्बल, सुती रेशाबाट बनेको पछ्यौरामा हाल ६ प्रतिशत लागि आएकोमा घटाई ५ प्रतिशत गरी बाँकी हाल ६ प्रतिशतले बिक्रीकर लागिआएका मालसामानहरूमा ६ प्रतिशतको बदला १० प्रतिशतले कर लगाइने छ । यसबाट रू. ३० लाख राजस्व वृद्धि हुने अनुमान छ । अरू ५ प्रतिशत लागिआएको मालसामानमा बिक्रीकर यथावत् कायम राखिएको छ ।

हाल होटेलको बीलमा ५ प्रतिशत कर लागिआएकोमा सो कायमै राखी होटल अन्तर्गतको वार रेष्टुराँ लगायत अन्य वार रेष्टुराँमा समेत बीलको ५ प्रतिशत कर लगाइनेछ । यसबाट रू. ३ लाख राजस्व हुने अनुमान छ ।

मनोरञ्जन करमा सिनेमाको माथिल्लो दर्जाको टिकटमा देहाय बमोजिम कर वृद्धि गरिएको छ । अरू साविक बमोजिम कायम राखिएको छ ।

| | कर |
|---|---|
| रू. १।५० देखि माथि रू. २ सम्मको टिकट | ८० प्रतिशत |
| रू. २।– देखि माथिको टिकट | १२० प्रतिशत |

यसबाट रू. ३ लाख ५० हजार राजस्व वृद्धि हुने अनुमान छ ।

अन्तर्राष्ट्रिय यात्रुलाई हवाई उडान कर रू. १०।– प्रति व्यक्ति लगाई आएकोमा अब रू. १५।– लगाइनेछ । यसबाट रू. ३ लाख ५० हजार राजस्व बढ्ने अनुमान छ ।

सवारी करमा सरलता ल्याउन प्रति किलोमिटरको बदला खण्ड खण्डको आधारमा अनुसूचीमा उल्लेख गरिए बमोजिमको कर आगामी वर्षदेखि लागू हुने गरी प्रस्ताव गरिएको छ । यसबाट राजस्वमा कुनै खास असर पर्दैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्रक, बस र भाएन बाहेक अरू सबै प्रकारका कार, जीप, मिनीबसमा देहाय अनुसार आगामी आर्थिक वर्षदेखि नयाँ कर लगाइनेछ ।

| सवारीको अश्वशक्ति | वार्षिक कर |
|---|---|
| ५० बी. एच. पी. सम्म | रू. ५।– प्रति बी. एच. पी. |
| ५० देखि १०० बी. एच. पी. सम्म | रू. ६।– " |
| १०० देखि १५० " | रू. ७।– " |
| १५० देखि माथि " | रू. ८।– " |

यसबाट रू. २५ लाख राजस्व आउने अनुमान छ ।

बाँकी सबै करको दर यथावत् कायम गरिएको छ ।

खेत सरह पाखो जमीनमा पनि मालपोत लगाउन उचित नभएकोले नापी भइसकेका पहाडि क्षेत्रको पाखो जमीनमा मालपोतको दर घटाई आगामी वर्षदेखि देहाय बमोजिम गरिने छः–

| पाखो जमीनको किसिम | वार्षिक मालपोत |
|---|---|
| अबल | रू. –२।०० प्रति रोपनी |
| दुयम | रू. –१।५० " |
| सिम | रू. –१।०० " |
| चाहार | रू. – ।५० " |

नापी भएको जमीनको लगत धेरैजसो बढ्न गएकोले प्रस्तावित मालपोत दरबाट राजस्व घट्न जाने देखिन्दैन । अरू मालपोत तथा रजिष्ट्रेशनको दर साविक बमोजिम कायम गरिएको छ ।

अध्यक्ष महोदय, मैले अघि उल्लेख गरे बमोजिम रू. २८ करोड ५ लाख २४ हजार न्यून हुन आएकोमा कर परिवर्तनबाट रू. २ करोड ५० लाख पूर्ति हुने भई न्यून रू. २५ करोड ५५ लाख २४ हजार हुन आउँछ । आन्तरिक ऋण रू. १७ करोड १३ लाख उठाउने प्रस्ताव छ । यसरी खूद घाटा रू. ८ करोड ४२ लाख २४ हजार मात्र हुन्छ जुन नगद मौज्दात परिवर्तनबाट व्यहोरिनेछ ।

प्रस्तावित आन्तरिक ऋणको रकम ठूलो देखिन्छ । तर वाणिज्य बैंकहरूमा मुद्दती तथा बचत निक्षेपमा भइरहेको वृद्धि र सञ्चय कोष तथा बीमा संस्थान जस्ता संस्थाहरूसंग भएको रकमहरूलाई ध्यानमा राख्दा आन्तरिक ऋण उठाउन अनुकूल स्थिति छ । यस बाहेक रू. ७ करोड १३ लाख शाही वायुसेवा निगमलाई विमान र पार्टपूर्जाहरूको मोलको भुक्तानी तथा तत्सम्बन्धी विदेशी मुद्राको खर्चको लागि उपलब्ध गराउने हुँदा यसको असर मुद्रा प्रदायमा नपर्ने कुरा अवगत गराउन चाहन्छु । हाम्रो विदेशी मुद्राको बढ्दै गइरहेको सञ्चिती आर्थिक दृष्टिकोणबाट लाभदायक नभएकोले मौज्दात परिवर्तनबाट व्यहोरिने खर्चहरू यथासम्भव परिवर्त्य विदेशी मुद्रामा नै खर्च गरी अघि उल्लेख गरेको घाटा पूर्ति गर्ने प्रयास गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ५

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२९–३० को परिवर्त्य विदेशी विनिमय आय-व्यय सम्बन्धी विवरण प्रस्तुत गर्दछु।

चालू आर्थिक वर्ष २०२८–२९ मा परिवर्त्य विदेशी मुद्राको आय रू. २३ करोड ५० लाख अनुमान भएकोमा रू. ३० करोड ४७ लाख पुग्ने संशोधित अनुमान छ। व्ययतर्फ रू. २६ करोड ९ लाख अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. २० करोड ४८ लाख पुग्ने अनुमान छ। यसरी आय तर्फ अनुमान गरिएकोभन्दा रू. ६ करोड ९७ लाख बढी र व्ययतर्फ अनुमान गरिएको भन्दा रू. ५ करोड ६१ लाख घट्न गएकोले रू. २ करोड ५९ लाख न्यून हुने अनुमान गरिएकोमा रू. ९ करोड ९९ लाख बचत हुने संशोधित अनुमान छ। गत वर्षको तुलनामा आयका सबै जसो स्रोतहरूबाट बढी आम्दानी भएको छ। यस आर्थिक वर्षमा हुने कूल विदेशी विनिमय आयको ३७ प्रतिशत दृश्य निर्यातबाट हुने संशोधित अनुमान छ। व्यय तर्फ यस वर्ष मालसामानको आयातमा केही कम भएकोले खर्च घट्न गएको हो।

आर्थिक वर्ष २०२९–३० मा परिवर्त्य विदेशी विनिमयको आय तर्फ रू. ३५ करोड र व्ययतर्फ रू. ३८ करोड ९५ लाख हुने अनुमान छ। आय तर्फ २०२८–२९ को संशोधित अनुमान भन्दा रू. ४ करोड ५३ लाख बढी आय हुने अनुमान छ। दृश्य निर्यात र पर्यटनबाट चालू आर्थिक वर्षमा भन्दा आगामी आर्थिक वर्षमा धेरै बढी आम्दानी हुने र विविध बाहेक अन्य सबै शीर्षकहरूमा पनि चालू वर्षको संशोधित अनुमानभन्दा बढी आय हुने अनुमान गरिएको छ। खर्च तर्फ सबभन्दा ठूलो वृद्धि मालसामान आयातमा हुने अनुमान छ। उपर्युक्त रकम मध्ये विकास र उपभोग्य वस्तु अन्तर्गत लगभग रू. ३३ करोड खर्च हुने अनुमान छ। यसरी खर्चतर्फ अपेक्षाकृत निकै वृद्धि हुनुमा शाही वायु सेवा निगमको लागि जेट विमान खरीद गरिने र औद्योगिक विकासको लागि बढी मेशिनरी तथा मालताल आयात हुने अनुमान गरिएकोले हो। यस हिसाबले आर्थिक वर्ष २०२९–३० मा रू. ३ करोड ९५ लाखको न्यून हुने अनुमान गरिएको छ।

# ६

अध्यक्ष महोदय, मैले गत वर्षहरूमा भएको आर्थिक विवरणहरू र आगामी वर्षको नीति तथा कार्यक्रमहरू पेश गरें। विकासको कार्यमा विस्तार भएपछि साधारण तर्फको खर्चमा वृद्धि हुँदै जाने स्वाभाविक छ। यस खर्चलाई नियन्त्रण गर्न निकै कोशिस गरिएको छ। साँवा र व्याजमा हुने खर्चलाई छोडी प्रस्तुत बजेटको साधारण खर्च गत वर्षको दाँजोमा १०.४ प्रतिशत भन्दा बढी वृद्धि हुन दिएको छैन। तर विकास खर्चमा भने उल्लेखनीय वृद्धि गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासलाई आर्थिक पक्षबाट मात्र नहेरी सामाजिक पक्षबाट पनि हेरिनु पर्ने कुरा मैले माथि व्यक्त गरिसकेको छु। एकातिर हामीले विकास क्रममा देखा परेका सामाजिक समस्याहरू सुल्झाउन परेको छ भने अर्कोतिर देश विकासको मूल फुटाउन बढी मात्रामा लगानी गर्नु परेको छ। हाम्रो साधन विभिन्न चालू आयोजनाहरूसंग आबद्ध रहेकोले साधनको विनियोजनमा तुरुन्त उल्लेखनीय परिवर्तन हुन सम्भव छैन। तर प्रस्तुत बजेटबाट यी लक्ष्यहरूतिर कदम चालेको तथा विकास कार्यक्रममा ठोस नीति अपनाएको संकेत पाउनु हुनेछ।

आगामी वर्षमा आन्तरिक साधनको परिचालन गर्न परम्परागत स्रोतमा मात्र भर नपरी विभिन्न स्रोतहरूबाट परिचालन गर्ने प्रयास बारे मैले माथि उल्लेख गरी सकें। विगत वर्षहरूमा विनियोजन बमोजिम खर्च हुन नसकी बजेटमा बचत हुने गरेकोमा विकास कार्यक्रमहरूको विस्तार तथा खर्च गर्ने क्षमतामा वृद्धि भएकोले अब बजेटमा घाटा बढ्दै जाने प्रवृत्ति देखा परेको छ। यस अवस्थामा कार्यक्षमताभन्दा साधनको अभाव नै मुख्य अवरोध हुनु स्वाभाविकै हो। आगामी वर्षको बजेटमा हुने घाटाको अधिकांश भाग विदेशी मुद्राको सञ्चितीबाट पूर्ति गर्ने व्यवस्था गरिएको कुरा मैले माननीय सदस्यहरूलाई अवगत गराई सकें। तर यसरी घाटा पूर्ति गर्न सक्ने अवस्था संधै नै रही नरहने हुनाले राजस्व तथा ऋणबाट बढी मात्रामा आन्तरिक साधन परिचालन गर्नु आवश्यक भएको छ। हाम्रो राजस्वको अंक राष्ट्रिय आयको ५ प्रतिशत जति मात्र छ जब कि हाम्रा छिमेकी मुलुकहरूमा राजस्वबाट हुने आय १० देखि १५ प्रतिशतसम्म भएको देखिन्छ। यस तथ्यलाई ध्यानमा राख्दा राजस्वमा वृद्धि गर्ने सम्भावना देखिन्छ र यसबारे विस्तृत अध्ययन गरी ठोस उपायहरू पहिल्याइने छ।

अध्यक्ष महोदय, पञ्चायती व्यवस्था अन्तर्गत देशले राम्रो प्रगति गरिरहेको कसैबाट छिपेको छैन। हाम्रो आकांक्षा बढ्दै गइरहेकोले जे जति प्रगति भएको छ सो हामीलाई कम लागेको छ। बढ्दो आकांक्षालाई पूर्ति गर्न विकासको गति अझ तीव्र गराउन विकासप्रेमी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको नेतृत्वमा श्री ५ को सरकार अघि सरेको छ। विकास कार्यक्रम सञ्चालन गर्ने हाम्रो क्षमता निक्कै बढ्दै आएको छ। यसबाट प्रभावित भई अन्तरराष्ट्रिय संस्था तथा हाम्रो सहयोगी मित्र राष्ट्रहरू बढी सहायता दिन तत्पर भएका छन्। हालै साण्टियागोमा सम्पन्न भएको संयुक्त राष्ट्र संघको व्यापार तथा विकास सम्मेलनले हाम्रो जस्तो अल्प विकसित भू-परिवेष्ठित देशहरूलाई विशेष सहायता दिन आह्वान गरेको छ। यसरी विकासको लागि अहिले वातावरण स्वस्थ र अनुकूल भएको छ। यो सुवर्ण अवसर हाम्रो अगाडि छ। मलाई विश्वास छ माननीय सदस्यहरू सबैले यस स्थितिलाई राम्ररी बुझिदिनु भई प्रस्तुत विकासमूलक बजेटलाई सहर्ष स्वागत गर्नु हुनेछ।

धन्यवाद !

१२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च ब्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रु. हजारमा

| २०२७–२८ को यथार्थ | खर्च | २०२८–२९ को संशोधित अनुमान | २०२९–३० को अनुमान |
|---|---|---|---|
| ७६,९५,०० | कूल खर्च | ९२,८८,१० | १,२६,७५,३४ |
| ३०,४४,८१ | साधारणतर्फ | ३५,८२,४५ | ४०,९७,५५ |
| ४६,५०,१९ | विकासतर्फ | ५७,०५,६५ | ८५,७७,७९ |
| | **खर्च ब्यहोरिने स्रोतहरू** | | |
| ४५,९६,९८ | राजस्वबाट | ५१,८१,०१ | ६०,०९,८४ |
| | आयको वर्तमान स्रोतबाट | | ५७,५९,८४ |
| | कर प्रस्तावबाट | | २,५०,०० |
| २७,०६,८५ | विदेशी सहायताबाट | २६,०१,२६ | २९,१०,६० |
| १२,५३,६२ | भारत | १०,९२,७० | ११,०५,१९ |
| ४,७१,७१ | चीन | ५,३१,०८ | ५,००,५७ |
| ५,९७,३४ | अमेरिका | ४,५२,०२ | ५,६८,१२ |
| १,७३,५० | बेलायत | २,७५,०० | १,७१,१८ |
| २७,५० | रूस | ५०,०० | २५,०० |
| १,८३,१८ | अन्य | २,००,४६ | ५,४०,५४ |
| –३,९१,१७ | बचत (+) वा न्यून (–) | –१५,०५,८३ | –३७,५४,९० |
| | **ब्यहोरिने स्रोतहरू** | | |
| ३,२४,५८ | विदेशी ऋण | ३,९४,७७ | ११,९९,६६ |
| ३,००,०० | आन्तरिक ऋण | ५,००,०० | १७,१३,०० |
| –२,३३,४१ | नगद मौज्दात (बचत –) | ६,११,०६ | ८,४२,२४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान

रु. हजारमा

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२७–२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९–३० को अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
| | | कूल जम्मा | ४५,९६,९८ | ५१,८१,०१ | ५७,५९,८४ | २,५०,०० | ६०,०९,८४ |
| १ | भन्सार | | १५,६५,१५ | १९,०४,४५ | २०,८५,२० | १,३५,०० | २२,२०,२० |
| | | (क) निकासीबाट– | १,७२,६४ | २,३५,४५ | २,३०,०० | × | २,३०,०० |
| | | (ख) पैठारीबाट– | ९,९३,१७ | १०,६०,०० | ११,२६,२० | ३५,०० | ११,६१,२० |
| | | (ग) भारतबाट अन्तः शुल्क फिर्ता– | ३,९१,११ | ५,९४,०० | ७,१४,०० | १,००,०० | ८,१४,०० |
| | | (घ) विविध– | ८,२८ | १५,०० | १५,०० | × | १५,०० |
| २ | अन्तः शुल्क | | ५,६५,६६ | ६,०१,०० | ६,२५,०० | २५,०० | ६,५०,०० |
| | | (क) ठेक्का रकम– | १,६९,१८ | १,५१,०० | १,४०,०० | × | १,४०,०० |
| | | (ख) औद्योगिकउत्पादन– | ३,६०,२८ | ४,१४,०० | ४,३५,०० | २५,०० | ४,६०,०० |
| | | (ग) कृषिउत्पादन– | २६,७४ | २४,०० | ३५,०० | × | ३५,०० |
| | | (घ) विविध– | ९,४६ | १२,०० | १५,०० | × | १५,०० |
| ३ | मालपोत | | ७,६३,९७ | ८,००,०० | ८,२०,०० | × | ८,२०,०० |
| | | (क) रैकर | ७,६३,९७ | ८,००,०० | ८,२०,०० | × | ८,२०,०० |
| ४ | वन | | १,२५,४८ | १,६२,०० | ३,००,०० | × | ३,००,०० |
| | | (क) लकडी बिक्री– | १,०९,५२ | १,४५,७० | २,७९,७० | × | २,७९,७० |
| | | (ख) शिकार तथा न्वायल्टी– | ३२ | ३० | ३० | × | ३० |
| | | (ग) विविध– | १५,६४ | १६,०० | २०,०० | × | २०,०० |
| ५ | कर | | ९,०३,९९ | ९,८९,९६ | १०,८०,०० | ९०,०० | ११,७०,०० |
| | | (क) आय कर– | २,११,६९ | २,१८,०० | २,४०,०० | × ० | २,४०,०० |
| | | (ख) मनोरञ्जन कर | २४,५८ | २६,९६ | २९,०० | ३,५ | ३२,५० |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा– | ५,८७ | ६,०० | ८,०० | २५,०० | ३३,०० |
| | | (घ) सवारी कर– | × | ३०,०० | ५०,०० | × | ५०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान: वर्तमान स्रोतबाट | २०२९।३० को अनुमान: कर परिवर्तनबाट | २०२९।३० को अनुमान: जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | (ङ) हवाई उडानकर | ५,८७ | ६,०० | ७,०० | ३,५० | १०,५० |
| | | (च) होटेल कर– | ६,९८ | ८,०० | ९,०० | ३,०० | १२,०० |
| | | (छ) ठेक्का कर– | २५,३६ | २५,०० | २७,०० | × | २७,०० |
| | | (ज) बिक्री कर– | ६,२३,३४ | ६,७०,०० | ७,१०,०० | ३०,०० | ७,४०,०० |
| | | (झ) मोटर कर– | × | × | × | २५,०० | २५,०० |
| ६ | रजिष्ट्रेशन | | १,५७,७५ | १,६३,७० | १,७४,३० | × | १,७४,३० |
| | | (क) घर जग्गा– | १,४५,११ | १,५०,०० | १,६०,०० | × | १,६०,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन– | २,३५ | २,४० | २,५० | × | २,५० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन– | २६ | ३० | ३० | × | ३० |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन– | १,३३ | १,५० | १,५० | × | १,५० |
| | | (ङ) सवारीलाइसेन्स | ८,७० | ९,५० | १०,०० | × | १०,०० |
| ७ | सिंचाई पानी | | १२,७४ | १४,०० | १७,०० | × | १७,०० |
| | | (क) पानी पोत– | १,७१ | १,७० | २,०० | × | २,०० |
| | | (ख) धारा महसूल– | ११,०३ | १२,३० | १५,०० | × | १५,०० |
| ८ | संचार | | ४७,३२ | ५२,०० | ५५,०० | × | ५५,०० |
| | | (क) हुलाक– | ४७,३२ | ५२,०० | ५५,०० | × | ५५,०० |
| ९ | यातायात | | १४,३६ | १६,१० | १८,५० | × | १८,५० |
| | | (क) हवाई– | ६,५३ | ७,६० | ९,०० | × | ९,०० |
| | | (ख) विविध– | ७,८३ | ८,५० | ९,५० | × | ९,५० |
| १० | सांवा ब्याज तथा लाभांश | | २,९१,९८ | ३,१९,०० | ४,१३,०४ | × | ४,१३,०४ |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज– | १२ | ५,०० | १३,४७ | × | १३,४७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | शीर्षक | उप-शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३०को अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
| | | (ख) सरकारी कर्मचारीलाई दिएकोऋणकोब्याज | ३,७२ | ४०० | ४०० | × | ४०० |
| | | (ग) शेयरमा लगानी | २,४२,५६ | २,४५,०० | २,८०,०० | × | २,८०,०० |
| | | (घ) कम्पनीकर्पोरेशनलाई गएको–ऋण फिर्ता– | १०,४२ | १०,०० | ६०,५७ | × | ६०,५७ |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता – | ३५,१६ | ५५,०० | ५५, ०० | × | ५५,०० |
| ११ | निजामतीप्रशासन | | १,१९,९४ | १,३२,५० | १,४०,५० | × | १,४० ५० |
| | | (क) न्याय– | २०,०० | २१,०० | २२,५० | × | २२,५० |
| | | (ख) शिक्षा– | १०,०१ | ११,०० | १२,०० | × | १२,०० |
| | | (ग) स्वास्थ्य– | ५,८१ | ७,०० | ७,५० | × | ७,५० |
| | | (घ) पशु तथा मत्स्य पालन– | ११,६० | १२,०० | १२,०० | × | १२,०० |
| | | (ङ) सूचना तथा प्रसार– | १,३८ | १,५० | १,५० | × | १,५० |
| | | (च) विविध– | ७१,१४ | ८०,०० | ८५,०० | × | ८५,०० |
| १२ | विविध | | २८,९४ | २६,३० | ३१,३० | × | ३१,३० |
| | | (क) पासपोर्ट रभिसा | १४,०० | १०,०० | १५,०० | × | १५,०० |
| | | (ख) अभियान क्षा यल्टी– | १,३१ | १,३० | १,३० | × | १,३० |
| | | (ग) भारत सरकार बाटआउने– | १३,५० | १४,०० | १४,०० | × | १४,०० |
| | | (घ) अरु फुटकर– | १३ | १,०० | १,०० | × | १,०० |

१२६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (साधारण बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६४,४३ | ६५,२७ | ६५,२८ |
| | १–२ | राजसभा | २,५१ | २,८० | ३,०७ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४१,९९ | ४५,५० | ६६,४२ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १६,५४ | १८,६० | २३,०० |
| | १–५ | सर्वोच्च अदालत | १०,५३ | १२,१० | १३,९३ |
| | १–६ | लोक सेवा आयोग | ९,५१ | १२,०० | १७,३० |
| | १–७ | निर्वाचन आयोग | २३,०२ | २२,०० | २२,०५ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | ५,८१ | १४,९० | १७,६१ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,०६,४७ | १,१०,१५ | १,२९,९१ |
| | २–३ | जिल्ला प्रशासन | ७२,१५ | १,३०,०० | १,३४,८९ |
| | २–४ | प्रहरी | ३,०४,८६ | ३,१४,०० | ३,३८,४४ |
| | २–५ | कारागार | ३३,१२ | ५६,३० | ५८,४५ |
| | २–६ | विविध | २७,९२ | ३८,५० | ३२,३६ |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ७७,३२ | ७०,५० | ६६,१५ |
| | ३–२ | भन्सार | ३९,०० | ३९,६० | ४१,४६ |
| | ३–३ | अन्तःशुल्क | १४,२१ | १९,१० | २०,४१ |
| | ३–४ | कर | १६,२४ | १९,१५ | २५,०९ |
| | ३–५ | आय र कर अदालत | १,४६ | १,५५ | १,७३ |
| ४ आर्थिक प्रशासन र योजना | ४–२ | तथ्यांक | १०,५६ | १५,२० | १७,४० |
| | ४–३ | टकसार | १०,५१ | २०,५० | २४,८९ |
| | ४–४ | महालेखापालको कार्यालय | १६,७३ | १०,८० | ११,१२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | ५–१ | अदालत | ५१,०७ | ५८,०५ | ७१,६८ |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ४,७० | ५,७० | २,७८ |
| ६ बैदेशिक सेवा | ६–१ | बैदेशिक सेवा | १,१०,१२ | १,२८,०० | १,४२,९२ |
| | ६–२ | विविध | ४१,५८ | ३८,९० | ४०,०३ |
| ७ रक्षा | ७–१ | रक्षा | ५,७०,४२ | ६,३०,०० | ७,१०,४५ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २,७०,८८ | ३,७०,०० | ३,५३,७५ |
| | ८–२ | स्वास्थ्य | १,२०,५० | १,७०,०० | २,०४,९६ |
| | ८–३ | पिउने पानी | ८,७५ | ११,८० | १२,१० |
| | ८–४ | पञ्चायत | १,२७,७० | १,११,५० | १,३१,५६ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ८८,७९ | ८८,२० | १,०२,७३ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ४४,५९ | ६५,०५ | ६६,७९ |
| | ९–२ | सिंचाई | ११,९९ | २४,२० | २६,६९ |
| | ९–३ | भूमिसुधार | ४६,७० | ४०,६० | ४४,१६ |
| | ९–४ | नापी | ८,९७ | ११,८० | १३,६५ |
| | ९–५ | वन | ३२,६९ | ४६,३० | ४६,४१ |
| | ९–६ | उद्योग तथा खानी | १३,५५ | १६,५० | १७,६३ |
| | ९–७ | संचार | ७१,८८ | ९९,४० | १,१३,९२ |
| | ९–८ | यातायात | ८६,०० | १,२५,२० | १,५६,११ |
| | ९–९ | बिद्युत् | २५,९५ | ३९,६० | ५१,१४ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १६,०३ | ७,१५ | ६,९३ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ६९,४६ | ६६,८० | १,३२,६५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|---|
| ११ | | | | | |
| साँवा र ब्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ४०,०७ | १३,६५ | १५,७० |
| | ११–२ | ब्याज भुक्तानी | ४४,४८ | ८३,०० | १,७२,७२ |
| १२ | | | | | |
| विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | २७,५१ | २५,०० | ४५,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ६८,४९ | ७२,८५ | ७६,५० |
| | १२–३ | अतिथि सत्कार | १,७७ | १,८० | ३,५० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | १,३९ | २,२० | १,०० |
| | १२–५ | मुआब्जा | ८,५१ | ६,१८ | ६,०० |
| | १२–६ | मेट्रिक नाप तौल | १,६५ | ३,५० | ३,६२ |
| | १२–७ | अन्य | ८४,५३ | १,२२,५० | १,४४,५१ |
| | १२–८ | भैपरि आउने | ३९,२० | ५८,५० | ४०,०० |
| | १२–९ | प्रशासन सुधार | × | × | ९,०० |
| | | | ३०,४४,८१ | ३५,८२,४५ | ४०,९७,५५ |

६३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|---|
| ४ | | | | | |
| आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ५७ | ३,७५ | १०,०० |
| | ४–२ | तथ्याङ्क | ४४,३६ | ४८,१२ | ३०,०० |
| ८ | | | | | |
| सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २,४६,०१ | ३,१९,६० | ६,२१,९९ |
| | ८–२ | स्वास्थ्य | २,१८,३० | २,७८,४८ | ३,७४,४९ |
| | ८–३ | पिउने पानी | ३८,७१ | ६६,०० | १,५९,४७ |
| | ८–४ | पञ्चायत | ५०,८९ | १,३५,६७ | १,८०,७२ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १०,८७ | ३२,९४ | ७६,६७ |
| ९ | | | | | |
| आर्थिक सेवाहरू | ९–१ | कृषि | ४,०४,५८ | ५,७८,३८ | ८,३२,१९ |
| | ९–२ | सिंचाई | ३,७४,८५ | ३,७६,५५ | ४,९६,७४ |
| | ९–३ | भूमिसुधार | २३,३३ | ३३,१२ | ३१,७८ |
| | ९–४ | नापी | ५५,२९ | ६२,७३ | ८५,१५ |
| | ९–५ | बन | ८८,८९ | १,६८,५८ | १,७९,४९ |
| | ९–६ | उद्योग तथा खानी | ३,९६,६७ | ४,६०,०० | ८,६३,४५ |
| | ९–७ | संचार | ७४,१० | ६०,०० | १,८७,६२ |
| | | (क) हुलाक | (१०,००) | (१०,२५) | (३३,९४) |
| | | (ख) दूर सञ्चार | (६४,१०) | (४९,७५) | (१,५३,६८) |

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | २२,२९,६८ | २४,४०,०० | ३८,२३,९७ |
| | | (क) सडकहरू | (२०,४५,९५) | (१७,२६,१८) | (२०,५६,००) |
| | | (ख) पूलहरू | (४१,०६) | (८४,८१) | (१,५५,००) |
| | | (ग) हवाई | (१,४२,६७) | (६,२९,०१) | (१६,१२,९७) |
| | ९–९ | विद्युत् | ३,२६,२२ | ३,५०,०० | ४,१४,५० |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १८,३० | ५९,५० | १,२६,१५ |
| १२ विविध | १२–७ | अन्य | ६,१३ | १,६२,६३ | १७,०० |
| | १२–८ | भैपरि आउने | ३५,९६ | ४७,६० | ५०,०० |
| | १२–९ | प्रशासन सुधार | ६,४८ | २२,०० | १६,४१ |
| | | | ४६,५०,१९ | ५७,०५,६५ | ८५,७७,७९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिवर्त्य विदेशी विनिमयको
## आय-व्यय विवरण

रू. हजारमा

| क्रम संख्या | शीर्षक | २०२७।२८ को यथार्थ | २०२८।२९ को संशोधित अनुमान | २०२९।३० को अनुमान |
|---|---|---|---|---|
| | आय | २६,१४,७० | ३०,४७,०० | ३५,००,०० |
| १ | अदृश्य निर्यात | १०,७५,९८ | ११,८०,०० | १४,५०,०० |
| | (क) निवृत्तभरण र तलब | (४,८७,६७) | (५,८०,००) | (५,५०,००) |
| | (ख) लगानीको ब्याज | (४,०९,२१) | (४,००,००) | (४,४०,००) |
| | (ग) पर्यटन | (१,७९,१०) | (२,००,००) | (४,६०,००) |
| २ | मालसामानको निर्यात | ९,२०,१७ | ११,००,०० | १३,००,०० |
| ३ | विदेशी नियोगहरू | १,१०,०० | १,४२,०० | १,५०,०० |
| ४ | विदेशी सहायता ✱ | ६७,७७ | २,५०,०० | ३,००,०० |
| ५ | विविध | ४,४०,७८ | ३,७५,०० | ३,००,०० |
| | व्यय | १६,८८,०६ | २०,४८,०० | ३८,९५,०० |
| १ | अदृश्य आयात | ६५,५४ | ९१,०० | २,७१,०० |
| २ | मालसामानको आयात | ३,२८,६७ | ८,००,०० | ३२,१३,०० |
| | (क) विकास सामानहरू | (२,८७,७२) | (६,५०,००) | (१७,४१,००) |
| | (ख) उपभोग्य सामानहरू | (४०,९५) | (१,५०,००) | (१४,७२,००) |
| ३ | कूटनैतिक नियोगहरू | (१,१९,७८) | १,१८,०० | १,९३,०० |
| ४ | ऋण मोचन कोष | ८४,८७ | ३७,०० | १,०४,०० |
| ५ | विविध | १०,८९,२० | १०,०२,०० | १,१४,०० |
| | बचत (+) घाटा (−) | ९,२६,६४ | ९,९९,०० | −३,९५,०० |

✱ अनुदान तथा ऋण

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित

932

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।